नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# हुलाक सेवा विभाग

बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ति

आज मिति २०८१ साल फागुन ५ गते सोमबारको दिन राष्ट्रिय प्रजातन्त्र दिवस, २०८१ को अवसरमा हुलाक सेवा विभाग र फिलाटेलिक सोसासइटीको सहकार्यमा हुलाक टिकट प्रदर्शनी तथा यस विभागबाट प्रकाशित कपिलवस्तु जिल्लाको तिलौराकोटको खोज अनुसन्धानको क्रममा प्राप्त भएको पञ्चमार्क मुद्रा (Punch-Mark Coin) र प्यूठान जिल्लास्थित भित्रीकोट दरवार (Bhitri Kot Palace) अंकित हुलाक टिकटको प्रथम दिवसीय आवरणमा टाँचा प्रदान गर्ने कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमका प्रमुख अतिथि माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री पृथ्वी सुब्बा गुरुङज्यूले हुलाक टिकट प्रदर्शनी कार्यक्रमको व्यानर अनावरण गरेर उद्घाटन गर्नुका साथै दुबै हुलाक टिकटहरुको प्रथम दिवसीय आवरणमा टाँचा प्रदान गर्नुभएको थियो।
कार्यक्रममा प्यूठान नगरपालिका, प्यूठानका नगर प्रमुख श्री विष्णुबहादर योगीज्यू, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिवज्यूहरु, पुरातत्व विभागका महानिर्देशक श्री सौभाग्य प्रधानाङ्गज्यू, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशकज्यू लगायत विभिन्न विभागका महानिर्देशकज्यूहरु, नेपाल फिलाटेलिक सोसाइटीका अध्यक्ष श्री केदार प्रधानज्यू, सोसाइटीका पदाधिकारीज्यूहरु तथा सदस्यज्युहरु, अतिरिक्त हुलाक एसोसियसनका अध्यक्ष श्री टंकप्रसाद हुमागाईंज्यू लगायत अतिथिको रुपमा उपस्थित हुनुभएको थियो। त्यसैगरी, हुलाक सेवा विभागका साझेदार संस्थाहरु, बिभाग अन्तरगतका निकायका प्रमुख तथा प्रतिनिधिज्युहरु, विभिन्न सरकारी निकायका प्रतिनिधिहरु तथा सरकारी तथा अन्य सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो।
कार्यक्रममा प्रमुख अतिथि माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री पृथ्वी सुब्बा गुरुङज्यूले हुलाक टिकट हाम्रो देशको ईतिहास, परम्परागत सम्पदा, संस्कृति, प्राकृतिक सुन्दरता, रैथानै जनावर, वनस्पतिहरुको संरक्षण र संवर्द्धन गरी तिनीहरुलाई विश्वसामु चिनाउने माध्यम भएकोले हुलाक टिकट प्रकाशन गर्दा हाम्रो मौलिक पहिचानहरुलाई महत्व दिनुपर्ने बताउनुभयो। प्यूठान नगरपालिकाका नगर प्रमुख श्री विष्णु बहादर योगीज्यूले मन्तव्यका क्रममा भित्रीकोट दरवार अंकित हुलाक टिकट प्रकाशन गरेकोमा हुलाक सेवा विभागलाई धन्यवाद दिंदै यसले भित्रीकोट दरवारको ऐतिहासिक महत्व र प्यूठान जिल्लाको पर्यटन प्रवर्द्धन गर्न मद्दत पुग्ने बताउनु भयो। पुरातत्व विभागका महानिर्देशक श्री सौभाग्य प्रधानाङ्गज्यूले प्रकाशन गरिएका पञ्चमार्क मुद्रा र भित्रीकोट दरवारको विशेषता र यसको पुरातात्विक महत्वको बारेमा चर्चा गर्दै पुरातत्व विभागले उत्खनन् गरेका सम्पदाको हुलाक टिकटमा प्रकाशन गर्ने कार्यले हाम्रो प्राचिन सभ्यता र ईतिहासको खोज अनुसन्धान गर्ने कार्यलाई थप उत्प्रेरणा प्रदान गरेको बताउनुभयो । फिलाटेलिक सोसाइटीका अध्यक्ष केदार प्रधानज्यूले विभागले हुलाक टिकट प्रदर्शनी गर्न समन्वय र सहकार्य गरेकोमा धन्यवाद दिंदै नेपालमा अन्तर्राष्ट्रिय हुलाक टिकट प्रदर्शनी आयोजना गर्न नेपाल सरकारबाट आवश्यक व्यवस्था गरिदिन अनुरोध गर्नुभयो। त्यसका साथै उहाँले हुलाक टिकटको अन्तर्राष्ट्रिय रुपमा आदानप्रदान गर्न सक्ने गरी कानूनी व्यवस्था गर्न माग गर्नुभयो। हुलाक सेवा विभागका महानिर्देशक श्री मनमायाँ भट्टराई पंगेनीज्यूले हुलाक टिकटको ऐतिहासिक महत्त्व

दर्शाउँदै विभागले पुरातात्विक महत्व राख्ने विषयवस्तु खोजेर टिकट बनाउनेतर्फ कार्य योजना बन्दै गरेको बताउनुहुँदै उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

राष्ट्रिय प्रजातन्त्र दिवस, २०८१ को अवसरमा हुलाक टिकट प्रदर्शनीमा भाग लिनुहुने फिलाटलिस्टहरुलाई कार्यक्रमका प्रमुख अतिथि माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री पृथ्वी सुब्बा गुरुङज्यूबाट कदर पत्र प्रदान गरिएको थियो।

कार्यक्रम सञ्चालन हुलाक सेवा विभागका निर्देशक श्री ध्रुवराज आचार्यज्यूले गर्नुभएको थियो भने प्रकाशन गरिएका पञ्चमार्क मुद्रा र भित्रीकोट दरवारको संक्षिप्त विवरण शाखा अधिकृत श्री चन्द्रा थापाले वाचन गरेर प्रस्तुत गर्नुभएको थियो भने प्राविधिक विवरण कला अधिकृत तथा हुलाक टिकटको डिजाइनर श्री पूर्णकला लिम्बूले प्रस्तुत गर्नुभएको थियो।

११।८

सूचना अधिकारी एवं निर्देशक

निर्देशक

फोन नं. ०१-५३२४११६/११७, Website: www.nepalpost.gov.np, Email ID: info@nepalpost.gov.np